# कृपा
राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२०२ बारा, २०८३ भदौ २७ गते शनिबार / प्रतिपदा / नेपाल संवत् ११४६ / Saturday, September 12 2026 / पृष्ठ ४ /मूल्य रु. ५/- पाँच


## पर्सामा बाघको आक्रमणमा एक जनाको मृत्यु



सिमरा,२६ भदौ/पर्साको जिराभवानी गाउँपालिकामा बाघको आक्रमणबाट एक जनाको ज्यान गएको छ । जिराभवानी गाउँपालिका( २ काठमाडौं टोलका ७० वर्षीय नथुनी मिर्दाहा थारुको बाघको आक्रमणमा परी मृत्यु भएको हो ।

इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका अनुसार थारु गत बुधबार बिहान गाउँ नजिकैको राष्ट्रिय वनमा घाँस काट्न गएका थिए । त्यसयता घर नफर्किएपछि परिवार र आफन्तहरूले उनको खोजी गरिरहेका थिए ।

खोजी गर्ने क्रममा शुक्रबार बिहान सब डिभिजन वन कार्यालय बसन्तपुरभन्दा करिब पाँच सय मिटर भित्र जंगलमा उनको शव फेला परेको प्रहरीले जनाएको छ । मृतकको शव शल्यपरीक्षणका लागि वीरगन्जस्थित नारायणी अस्पतालमा राखिएको छ ।

## गरिमा हत्या प्रकरण: पुरग्रेश चौधरी धरौटीमा र ९ जना साधारण तारेखमा रिहा

पुष्पराज खतिवडा

बारा, २६ भदौ/जीतपुरसिमरा उपमहानगरपालिका( १ की तीन वर्षीया बालिकाको बलात्कारपछि हत्या गरिएको घटनामा पक्राउ परेका १० जनालाई बारा जिल्ला अदालतले रिहा गरेको छ ।

न्यायाधीश प्रकाशकुमार अधिकारीको इजलासले प्रतिवादी बनाइएका प्रोग्रेश भनिने पुरग्रेश चौधरीलाई २० हजार रुपैयाँ धरौटीमा र अन्य ९ जनालाई साधारण तारेखमा छाड्ने आदेश दिएको हो ।

साधारण तारेखमा छुट्नेहरूमा पुरग्रेशका बुवा इन्द्रजीत, आमा बबिता, पत्नी पुष्पा, दिदी ममतासहित सविता चौधरी, बिन्दु चौधरी, टेकबहादुर थापामगर, नवीन विक र शेष हस्मुदिन रहेका छन् । घटनामा उनीहरूको संलग्नता देखिने पर्याप्त र ठोस प्रमाण नभएकाले रिहा गरिएको अदालतको आदेश पर्चामा उल्लेख छ ।

बालिकाका बुवा मनोज चौधरीले दिएको किटानी जाहेरीका आधारमा




प्रहरीले उनीहरूलाई अपहरण, जबरजस्ती करणी र कर्तव्य ज्यान मुद्दामा अदालत पेश गरेको थियो । अदालतको आदेशपछि उनीहरू बिहीबार साँझ हिरासतमुक्त भएका छन् ।

यसअघि बुधबार सोही इजलासले घटनामा संलग्न भनिएका दुई नाबालकलाई भने मुद्दाको अन्तिम टुङ्गो नलागेसम्मका लागि वीरगञ्जस्थित बाल सुधार गृह पठाउने आदेश दिएको थियो । पक्राउ परेका दुई नाबालकमध्ये एक जनाले बालिकालाई चकलेट दिएर बलात्कारपछि हत्या गरेको स्वीकार गरिसकेका छन् । उनको बयान घटनास्थल र शवको अवस्थासँग मिलेको प्रहरीले जनाएको छ । अर्का नाबालकले भने घटनामा आफ्नो कुनै संलग्नता नरहेको बताएका छन् ।

गत साउन ३१ गतेदेखि हराएकी ती बालिकाको शव भदौ २ गते घरनजिकैको एउटा खाली घरमा भेटिएको थियो । घटनापछि देशभर विरोध प्रदर्शन भएको थियो । भदौ ६ गते गृह मन्त्रालयमा गृहमन्त्री, कानुनमन्त्री र प्रहरी महानिरीक्षकसहितको टोली र पीडित परिवारबीच तीन बुँदे सहमति भएपछि भदौ ७ गते बालिकाको अन्त्येष्टि गरिएको थियो ।

## रसुवा बाढीपीडितलाई निजगढबाट ग्यास सिलिण्डर र चुल्हो सहयोग



निजगढ, २६ भदौ/नेकपा (एमाले) निजगढ नगर कमिटी र निजगढ नगरपालिका वडा नम्बर १० कार्यालयको संयुक्त पहलमा संकलन गरिएको रकमबाट रसुवा बाढी पीडित परिवार र धुन्चे अस्पताललाई २५ थान ग्यास सिलिन्डर तथा खाना पकाउने ग्यास चुलो वितरण गरिएको छ ।

निजगढ नगरपालिका वडा नम्बर १० का वडा अध्यक्ष आशाकाजी श्रेष्ठले दिएको जनकारी अनुसार अभियान अन्तर्गत संकलन गरिएको १ लाख ७० हजार रुपैयाबाट २५ थान ग्यास सिलिण्डर र चुल्हो खरिद गरेर रसुवाका बाढी पीडत परिवार र अस्पतालमा हस्तान्तरण गरिएको हो ।

अध्यक्ष श्रेष्ठले एमाले नगर अध्यक्ष तिलक घलान र वडा नम्बर १० का वडा सदस्य कुमार मोक्तानले रसुवाको उत्तरगया गाउँपालिकाका प्रमुख माधव अर्याल र उपप्रमुख श्रीमती चमेली गुरुङको उपस्थितिमा बाढी पीडितलाई २० थान र जिल्लाको धुन्चे अस्पताललाई ५ थान सिलिण्डर तथा ग्यास चुलो हस्तान्तरण गरिएको जानकारी दिनुभयो ।

## जीतपुरसिमरामा १६४९ भूमिहिन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको प्रमाणीकरण

सिमरा, २६ भदौ/जीतपुरसिमरा उपमहानगरपालिकाको कार्यपालिका बैठकले नगरको तीन वटा वडा भित्रका एक हजार ६ सय ४९ जना भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान प्रमाणीकरण गरी स्वीकृत गरेको छ ।



उपमहानगरपालिकाको शुक्रबार बसेको ७०औं कार्यपालिका बैठकले २४ भूमिहिन दलित, २४८ भूमिहिन सुकुम्बासी र १३७८ अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको आधार र मापदण्ड २०८३ बमोजिम वडा नं. १, २ र २१ को भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको विवरण स्वीकृत गरेको हो । बैठकले वडा नं. १ मा ६ भूमिहिन दलित र ११६ भूमिहिन सुकुम्बासीको पहिचान प्रमाणीकरण गरेको छ भने वडा नं. मा १७ भूमिहिन दलित, १०६ भूमिहिन सुकुम्बासी र सात सय ७० अव्यवस्थित सुकुम्बासीको विवरण स्वीकृत गरेको छ । यसैगरी वडा नं. २१ मा एक भूमिहिन दलित, २६ भूमिहिन सुकुम्बासी र ६ सय आठ अव्यवस्थित सुकुम्बासीको विवरण प्रमाणीकरण भएको उपहानगरपालिकाले जनाएको छ ।

## बारागढीस्थित जनता मावि बुधगाईको विविस अध्यक्षमा सञ्जय चौधरी



दीपेन्द्र जयसवाल

गन्जभवानीपुर,२६ भदौ/बाराको बारागढी गाउँपालिका( १ बुधगाईस्थित श्री जनता माध्यमिक विद्यालयको अभिभावक भेलाले सञ्जयप्रसाद चौधरीको अध्यक्षतामा सात सदस्यीय नयाँ विद्यालय व्यवस्थापन समिति गठन गरेको छ ।

वडाध्यक्ष सुरेशप्रसाद चौधरीको अध्यक्षतामा सम्पन्न भेलाले गठन गरेको समितिको सदस्यमा विमल चौधरी, महिला सदस्यमा शारदादेवी पासवान र रेखादेवी पासवान, वडाध्यक्ष चौधरी तथा शिक्षक प्रतिनिधिमा लालबाबु चौधरी रहनुभएको छ । विद्यालयका प्रधानाध्यापक विश्वनाथप्रसाद चौधरी सदस्यसचिव रहनुभएको छ ।

बाँकी तेश्रो पेजमा

## निजगढ विमानस्थल निर्माणमा निजी लगानीबारे प्रधानमन्त्रीको चासो

काठमाडौं २६ भदौ/निजगढ अन्तर्राष्ट्रिय विमानस्थल जस्ता ठूला र रणनीतिक पूर्वाधारमा निजी क्षेत्रले गर्न सक्ने लगानीबारे प्रधानमन्त्री बालेन्द्र ( बालेन) शाहले चासो देखाउनुभएको छ

आज प्रधानमन्त्रीले नेपालका उद्योगपतिहरूसँग यसबारे छलफल गर्नुभएको हो। छलफलमा प्रधानमन्त्री शाहले निजगढ विमानस्थल जस्ता ठूला

बाँकी तेश्रो पेजमा

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय.......

# न्यायको पर्खाइमा गरिमाका अभिभावक

बाराको जीपुरसिमरा उपमहानगरपालिकाकी तीन वर्षीया बालिका गरिमा चौधरीको बलात्कारपछिको निर्मम हत्या प्रकरणमा बारा जिल्ला अदालतबाट हालै आएको आदेशले समाजमा नयाँ बहस र संशय जन्माएको छ ।

अदालतले यस जघन्य अपराधमा जोडिएका दुई नाबालकलाई पुर्पक्षका लागि बाल सुधारगृह पठाउने र अन्य १० जना आरोपीलाई धरौटी तथा साधारण तारेखमा रिहा गर्ने आदेश दिएको छ । तीन वर्षीया अबोध बालिकाको ज्यान लिने जस्तो पाशविक घटनामा संलग्न मुख्य भनिएका र किटानी जाहेरी परेका व्यक्तिहरू सहजै रिहा हुनुले पीडित परिवार मात्र होइन, न्यायप्रेमी आम नागरिकलाई स्तब्ध र आक्रोशित बनाएको छ ।

अदालतले फौजदारी न्याय प्रणालीको सिद्धान्त अनुसार 'प्रमाण' को आधारमा निर्णय गर्नु स्वभाविक कानुनी प्रक्रिया हो । प्रहरीले पेस गरेका कागजात, बयान र ठोस प्रमाणका आधारमा संलग्नता पुष्टि नभएकाहरूलाई थुनामा राख्न मिल्दैन भन्ने तर्क आफ्नो ठाउँमा छ । तर, के एउटा समाजले यति क्रूर घटनामा केवल कानुनी छिद्र वा अपर्याप्त प्रमाणको नाममा सबै आरोपितहरूको उन्मुक्तिलाई सहजै स्वीकार गर्न सक्छ? साउन ३१ गते हराएकी गरिमा भदौ २ गते मृत अवस्थामा फेला पर्दा मच्चिएको कोलाहल र सडकदेखि संसद्सम्म उठेका न्यायका नाराहरू अझै साम्य भएका छैनन् ।

एक नाबालकले अपराध स्वीकारे पनि यति ठूलो योजना र घटनामा बालकहरूको मात्र हात थियो वा अन्यको पनि षड्यन्त्र थियो भन्ने गम्भीर प्रश्न अझै अनुत्तरित छ ।

यस प्रकरणले हाम्रो अनुसन्धान र अभियोजन पक्षको कमजोरीलाई पनि नाङ्गो रूपमा बाहिर ल्याएको छ । प्रहरीले हतारमा किटानी जाहेरीका आधारमा धेरैलाई पक्राउ त गर्‍यो, तर अदालतमा अभियोजन गर्दा आरोपितहरूको संलग्नता प्रमाणित गर्ने अकाट्य र दरिलो वैज्ञानिक प्रमाण जुटाउन चुक्यो कि भन्ने गम्भीर आशंका उब्जिएको ।

यसबाहेक, अनुसन्धानको क्रममा संवेदनशील भिडियोहरू सार्वजनिक गरिनु र प्रहरी संयन्त्रकै लापर्बाही देखिनुले न्यायको निष्पक्षतामाथि प्रश्नचिह्न खडा गरेको छ । अदालतले पीडित परिवारलाई राहतस्वरूप दुई लाख रुपैयाँ उपलब्ध गराउन आदेश दिए पनि त्यसले निर्दोष बालिकाको जीवन र परिवारको पीडाको क्षतिपूर्ति कदापि दिन सक्दैन ।

# परिणाममा आधारित सुशासन

सुशासन केवल सरकार सञ्चालन गर्ने प्राविधिक प्रक्रिया होइन, यो राज्य र नागरिकबिचको विश्वासको सम्बन्ध हो । जहाँ कानुन सबैका लागि समान रूपमा लागु हुन्छ, सार्वजनिक पदाधिकारी जवाफदेही हुन्छन्, नागरिकले गुणस्तरीय सेवा पाउँछन्, भ्रष्टाचार नियन्त्रण हुन्छ, न्याय निष्पक्ष हुन्छ र विकासका अवसरमा सबैको पहुँच हुन्छ; त्यहाँ सुशासनको अनुभूति हुन्छ । समन्याय, पारदर्शिता, उत्तरदायित्व, सहभागिता, सहिष्णुता, सशक्तीकरण र दिगोपन सुशासनका आधारभूत मूल्य हुन् ।

कुनै पनि राष्ट्रको आर्थिक विकास, सामाजिक सद्भाव र मानव पुँजी निर्माणका लागि सुशासन अपरिहार्य हुन्छ । आर्थिक वृद्धि मात्र विकास होइन; त्यो वृद्धिबाट नागरिकको जीवनस्तरमा आएको सुधार, अवसरको विस्तार र न्यायपूर्ण वितरण पनि उत्तिकै महत्वपूर्ण हुन्छ । त्यसैले सुशासनलाई शासनको गुणस्तर सुधार गर्ने निरन्तर प्रक्रियाका रूपमा बुझ्नु पर्छ । सुशासनको अवस्था मापन गर्दा नागरिक स्वतन्त्रता, जवाफदेहिता, राजनीतिक स्थिरता, हिंसाबाट मुक्ति, सरकारको प्रभावकारिता, नियमनको गुणस्तर, कानुनको शासन र भ्रष्टाचार नियन्त्रण जस्ता पक्षलाई प्रमुख आधार मानिन्छ । यी सबै पक्ष एकअर्कासँग जोडिएका छन् । कानुन कमजोर हुँदा भ्रष्टाचार बढ्छ, भ्रष्टाचार बढ्दा लगानी घट्छ, लगानी घट्दा रोजगारीका अवसर सङ्कुचित हुन्छन् र बेरोजगारी बढ्दा राज्यप्रतिको नागरिक विश्वास कमजोर हुन्छ ।

सुशासनका लागि राजनीतिक स्थिरता महत्वपूर्ण भए पनि स्थिर सरकार मात्र सुशासनको ग्यारेन्टी होइन । शासन व्यक्ति र दलको इच्छामा होइन, बलियो पद्धति र संस्थामा आधारित हुनु पर्छ । दक्षिण कोरिया, इटाली, बेल्जियम जस्ता देशका अनुभवले संस्थागत क्षमता बलियो भएमा राजनीतिक परिवर्तनका बिच पनि सार्वजनिक सेवा र राज्यप्रणाली चल्न सक्ने देखाएका छन् । बेल्जियममा लामो समय औपचारिक निर्वाचित सरकार नहुँदा पनि प्रशासनिक तथा संस्थागत संयन्त्रले राज्य सञ्चालनमा निरन्तरता दिएको उदाहरण उल्लेखनीय छ । नेपालमा भने राजनीतिक परिवर्तनसँगै शासनको प्राथमिकता, प्रशासनिक नेतृत्व र संस्थागत निर्णयमा समेत प्रभाव पर्ने गरेको छ । सरकार परिवर्तनलाई शासनको निरन्तरताभन्दा सत्ताको निरन्तरतासँग जोड्ने प्रवृत्तिले

- सुशासन केवल प्राविधिक प्रक्रिया नभई नागरिकको विश्वास
- प्रशासनको अत्यधिक राजनीतिकरणले सेवाको गुणस्तर घटाउँछ
- वैदेशिक रोजगारीको पुँजीलाई राष्ट्र निर्माणमा लगाउनु जरुरी



श्यामप्रकाश मैनाली




दीर्घकालीन सोच कमजोर बनाएको छ । परिणामत: योजना, नीति र कार्यक्रमभन्दा तत्कालीन राजनीतिक समीकरण बढी प्रभावकारी बन्ने अवस्था देखिन्छ ।

### सक्षम प्रशासन

सुशासनको मेरुदण्ड सक्षम, निष्पक्ष र व्यावसायिक प्रशासन हो । प्रशासनको अत्यधिक राजनीतीकरणले सार्वजनिक सेवाको गुणस्तर कमजोर बनाउँछ । पदस्थापन, सरुवा, बढुवा र जिम्मेवारीमा राजनीतिक प्रभाव बढ्दै जाँदा कर्मचारीको प्राथमिकता नागरिकप्रतिको उत्तरदायित्वभन्दा शक्तिकेन्द्रप्रतिको निकटतामा केन्द्रित हुने जोखिम रहन्छ ।

न्यायपालिका पनि कानुनको शासनको अन्तिम संरक्षक हो । नागरिकले अन्य सबै ठाउँमा न्याय नपाउँदा अन्तत: अदालतको ढोका ढकढक्याउँछन् । त्यसैले न्यायपालिका स्वतन्त्र, निष्पक्ष, सक्षम र राजनीतिक प्रभावबाट मुक्त हुनु आवश्यक छ । न्यायाधीश नियुक्ति तथा न्यायिक नेतृत्वमा राजनीतिक भागबन्डाको आभासले पनि न्यायप्रतिको जनविश्वास कमजोर बनाउन सक्छ । नेपालको न्यायिक प्रणालीमा नियुक्ति प्रक्रिया, पारदर्शिता र जवाफदेहितामा गम्भीर सुधार आवश्यक छ । राजनीतिक पदाधिकारीको प्रत्यक्ष प्रभाव न्यून हुने गरी संवैधानिक परिषद् र न्यायसम्बन्धी निकायहरूको संरचना पुनरवलोकन गर्नुपर्ने आवश्यकता छ । सम्बन्धित क्षेत्रका अनुभवी, सक्षम र निष्पक्ष विज्ञहरूको भूमिका बढाउन सके संस्थाप्रतिको विश्वास बलियो बन्न सक्छ

नेपालमा सुशासनको सबैभन्दा गम्भीर चुनौती भ्रष्टाचार हो । भ्रष्टाचार केवल घुस लेनदेन मात्र होइन । सार्वजनिक स्रोतको दुरुपयोग, नीतिगत निर्णयको आडमा अनुचित लाभ, राजनीतिक संरक्षण, पदको दुरुपयोग र दण्डहीनता पनि भ्रष्टाचारकै स्वरूप हुन् । ठुला आर्थिक अनियमितता र राजनीतिक प्रकृतिका भ्रष्टाचारका विषयमा प्रभावकारी कारबाही नहुँदा भ्रष्टाचार संस्थागत हुने खतरा बढ्छ । सामान्य कर्मचारीमाथि मात्र कारबाही र शक्तिशाली व्यक्तिमाथि उन्मुक्तिको प्रवृत्तिले कानुनको शासन कमजोर बनाउँछ ।

भ्रष्टाचार नियन्त्रणका लागि अनुसन्धान र नियमन गर्ने निकायलाई स्वतन्त्र, सक्षम र व्यावसायिक बनाउनु पर्छ । ठुला र प्रभावशाली व्यक्तिमाथि समेत निष्पक्ष अनुसन्धान र कारबाही हुने विश्वास स्थापित हुनु आवश्यक छ । नीति र निर्णयका नाममा भ्रष्टाचारलाई संरक्षण गर्ने अभ्यास अन्त्य हुनु पर्छ । पारदर्शिता, डिजिटल सार्वजनिक सेवा, खुला खरिद प्रणाली, सम्पत्ति विवरणको प्रभावकारी परीक्षण र नागरिक निगरानीलाई बलियो बनाउन सकिए भ्रष्टाचार नियन्त्रणमा ठोस परिणाम आउन सक्छ । देशमा पर्याप्त रोजगारी सिर्जना हुन नसक्दा ठुलो युवा जनशक्ति वैदेशिक रोजगारीमा निर्भर हुनु परेको छ । विप्रेषणले अर्थतन्त्रलाई तत्काल राहत दिए पनि यसको दीर्घकालीन उपयोग उत्पादनशील क्षेत्रमा गर्न नसक्दा राष्ट्रिय अर्थतन्त्र बलियो बन्न सक्दैन ।

विदेशबाट फर्किएका युवाले आर्जन गरेको सिप, अनुभव र पुँजीलाई राष्ट्र निर्माणसँग जोड्ने स्पष्ट रणनीति आवश्यक छ । कृषि, पर्यटन, साना तथा मझौला उद्योग र प्रविधिमा विप्रेषणलाई उत्पादनशील लगानीका रूपमा परिचालन गर्नु पर्छ । उत्पादनदेखि उपभोगसम्म देशभित्रै आर्थिक चक्र निर्माण गर्ने नीतिमा राज्यले सहजीकरण गर्नु पर्छ । उर्वर कृषिभूमि बाँझो हुँदै जाने, ग्रामीण जनशक्ति घट्ने र आयात बढ्दै जाने अवस्थाले आर्थिक आत्मनिर्भरतामा चुनौती थपेको छ । कृषि व्यवसायलाई आधुनिक, सम्मानजनक र लाभदायक बनाउने नीतिबिना नेपालको आर्थिक समृद्धिको सपना पूरा हुन सक्दैन ।

सुशासनको अर्को आधार समावेशी सहभागिता हो । महिला जनसङ्ख्याको ठुलो हिस्सा भए पनि नीति निर्माण, राजनीति र राज्यका प्रमुख संयन्त्रमा उनीहरूको प्रतिनिधित्व अपेक्षाकृत कमजोर छ । दलित, आदिवासी, जनजाति, मधेशी, पिछडिएका क्षेत्र र अन्य समुदायको अर्थपूर्ण सहभागिता पनि सुनिश्चित हुनु पर्छ । निर्वाचन प्रणालीको पनि गम्भीर पुनरवलोकन आवश्यक छ । समानुपातिक प्रणालीले समावेशिता बढाउने उद्देश्य राखे पनि यसको प्रयोग र सञ्चालनप्रति जनस्तरमा प्रश्न उठेका छन् । समावेशिताको मूल उद्देश्य जोगाउँदै प्रतिनिधित्व प्रणालीलाई बढी जवाफदेही, पारदर्शी र जनउत्तरदायी बनाउनु पर्छ । वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक र निर्वाचनका समयमा आफ्नो मतदाता केन्द्रमा उपस्थित हुन नसक्ने नागरिकलाई मताधिकार प्रयोग गर्न सहज व्यवस्था गर्नु पनि लोकतान्त्रिक सुशासनको महत्वपूर्ण पक्ष हो ।

### संस्कार विकास

नेपालमा सङ्घीयता कार्यान्वयन भएको लामो समय बितिसक्दा पनि प्रशासनिक र कानुनी संरचना पूर्ण रूपमा व्यवस्थित हुन सकेको छैन । सङ्घीय शासनलाई प्रभावकारी बनाउन सङ्घ, प्रदेश र स्थानीय तहबिच जिम्मेवारी, स्रोत र जवाफदेहिताको स्पष्टता आवश्यक छ । विकेन्द्रीकरण र सङ्घीयताको मर्मलाई वास्तविक अर्थमा कार्यान्वयन गर्नु पर्छ ।

सार्वजनिक पदाधिकारीको जिम्मेवारी स्पष्ट र परिणामसँग जोडिनु पर्छ । मन्त्री, सचिव र विभागीय प्रमुखलाई निश्चित लक्ष्य तोकिनु पर्छ । अपराध नियन्त्रण, भ्रष्टाचार नियन्त्रण, सार्वजनिक सेवा सुधार, गुणस्तरीय शिक्षा, गरिबी न्यूनीकरण, पूर्वाधार विकास जस्ता क्षेत्रमा मापनयोग्य उपलब्धिका आधारमा कार्यसम्पादन मूल्याङ्कन हुनु पर्छ । राम्रो काम गर्नेले प्रोत्साहन र असफल हुने जिम्मेवार पदाधिकारीले जवाफ दिनुपर्ने संस्कार विकास गर्नु पर्छ । प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई केवल समन्वय गर्ने निकाय नभई सरकारको कार्यसम्पादन मापन गर्ने प्रभावकारी संस्थाका रूपमा विकसित गर्न सकिन्छ । प्रत्येक मन्त्रालयको वार्षिक लक्ष्य सार्वजनिक गरी त्यसको प्रगति नागरिकले समेत हेर्न सक्ने व्यवस्था गरिनु पर्छ ।

### निष्कर्ष

नेपालमा सुशासनको चुनौती केवल सरकार परिवर्तनको समस्या होइन । यो राजनीतिक संस्कार, संस्थागत कमजोरी, भ्रष्टाचार, दण्डहीनता, प्रशासनिक राजनीतीकरण र कमजोर आर्थिक उत्पादनसँग जोडिएको बहुआयामिक समस्या हो । सुशासनको वास्तविक यात्रा कानुनको समान शासनबाट सुरु हुन्छ र

बाँकी तेश्रो पेजमा




आधिकारित विक्रेता: शुभलक्ष्मि बहुउद्देश्यिय सहकारी सस्था लिमिटेड, बिरगंज पर्सा ९८४४२५०३८८

किस्ताबन्दिमा आफुले खरिद गर्न चाहेको सामानहरू खरिद गर्दा ग्राहकले ४० प्रतिशत शुरूमा डाउन पेमेन्ट गर्नु पर्छ र बाकि रकमको १२ महिना भित्र तिर्नु पर्ने हुन्छ । रकम तिर्दा ब्याज लाग्ने छैन तर शुरूमा रू १००/- को शेयर रकम बापत लाग्नेछ । किस्ताबन्दिमा सामान लिदा ग्राहकको नागरित्ताको प्रतिलिपी १ थान र फोटो २ थान चाहिन्छ । ग्राहकले बाकि रकमको १ चेक १ वर्षको भाखा राखि दिनु पर्नेछ ।

# 'ग्रिन आर्मी' विरुद्ध सर्वोच्चमा रिट

काठमाडौँ, २६ भदौ/रसुवाको भोटेकोसी क्षेत्रमा आएको विनाशकारी बाढी तथा विपद्का बेला नेपाली सेनाको जस्तै देखिने पोसाक, दर्जा र चिह्न प्रयोग गर्दै उद्धार तथा राहतमा खटिएको 'ग्रिन आर्मी नेपाल'को गतिविधिलाई लिएर सर्वोच्च अदालतमा रिट निवेदन दायर भएको छ ।

अधिवक्ताहरू साम्बराज अर्याल, पूर्णबहादुर साउद, गोविन्दराम परियार र विष्णुवर सिंह थापाले नेपालको संविधान तथा प्रचलित कानुनविपरीत गैरसरकारी संस्थाले सैनिक प्रकृतिको संरचना, पोसाक, दर्जा र चिह्न प्रयोग गरेको दाबी गर्दै सर्वोच्चमा रिट दायर गरेका हुन् ।

रिटमा ग्रिन आर्मी नेपालका साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, समाज कल्याण परिषद्, काठमाडौँ जिल्ला प्रशासन कार्यालय, गोकर्णेश्वर नगरपालिका र कम्पनी रजिस्ट्रारको कार्यालयलाई पनि विपक्षी बनाइएको छ ।

शुक्रबार दायर भएको रिटको पहिलो पेसी आगामी सोमबार तोकिएको छ ।

रिट निवेदकहरूले 'ग्रिन आर्मी नेपाल'लाई सामान्य गैरसरकारी संस्थाका रूपमा मात्र हेर्न नमिल्ने जिकिर गरेका छन् ।

निवेदनअनुसार कम्पनी रजिस्ट्रारको कार्यालयमा उक्त संस्था 'ग्रिन आर्मी नेपाल' नाममा दर्ता भएको छ ।

संस्थाले वातावरण संरक्षण, युवा नेतृत्व, सामाजिक सेवा तथा विपद् व्यवस्थापन लगायतका क्षेत्रमा काम गर्ने उद्देश्य राखेको आफ्नो सार्वजनिक विवरणमा उल्लेख गरेको छ ।

तर संस्थाले आफूलाई 'मिलिटरी इन्स्पायर्ड' संरचना भएको युवा संगठनका रूपमा प्रस्तुत गरेको, सदस्यहरूलाई 'क्याडेट', 'ब्रिगेडियर', 'मार्सल' र 'चिफ मार्सल' जस्ता सैनिक प्रकृतिका दर्जामा विभाजन गरेको तथा वेबसाइटमा 'चिफ मार्सल/चेयरपर्सन' र 'क्याडेट'जस्ता पदनाम प्रयोग गरेको रिटमा उल्लेख छ ।

त्यसैगरी, संस्थाले 'आर्मी' शब्द प्रयोग गर्नुका साथै सैनिक शैलीको संरचना, सैन्य पदनाम, पोसाक, दर्ज्यानी चिह्न, बुट तथा रेडियो सेटलगायतका सामग्री प्रयोग गर्ने गरेको निवेदकहरूको दाबी छ ।

यसबाट सर्वसाधारणमा उक्त संस्था नेपाली सेना वा राज्यका अन्य सुरक्षा निकायसँग सम्बन्धित संगठन भएको भ्रम सिर्जना हुन सक्ने रिटमा दाबी गरिएको छ ।

रिटमा हालैको विपद्मा 'ग्रिन आर्मी नेपाल'का सदस्यहरू नेपाली सेनासँग मिल्दोजुल्दो सैनिक शैलीको पोसाक र दर्ज्यानी चिह्नसहित उद्धार तथा राहतमा खटिएको दृश्य सञ्चारमाध्यममार्फत सार्वजनिक भएकोले त्यो आपत्तिजनक रहेको उल्लेख गरिएको छ ।

यस घटनाले गैरसरकारी संस्थाको सैनिक प्रकृतिको पहिचान र राज्यका सुरक्षा निकायबीचको सीमाबारे गम्भीर प्रश्न उठाएको निवेदकहरूको जिकिर छ ।

निवेदकहरूले यस्तो दृश्यले नागरिकमा सुरक्षा निकायसम्बन्धी भ्रम सिर्जना गर्नुका साथै नेपालको राष्ट्रिय सुरक्षा, नागरिक पहिचान र राज्यका सुरक्षा संस्थाको विशिष्ट संस्थागत पहिचानमाथि समेत असर पार्न सक्ने तर्क गरेका छन् ।

रिटअनुसार नेपालको संविधानले राष्ट्रिय सुरक्षा, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय एकतालाई संवेदनशील विषयका रूपमा ग्रहण गरेको छ ।

नेपाली सेना राष्ट्रिय स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि एक संगठनका रूपमा रहने संवैधानिक व्यवस्था रहेको छ। संविधानको धारा २६७ ले राष्ट्रिय सुरक्षासँग सम्बन्धित नेपाली सेनाको संवैधानिक भूमिकालाई स्पष्ट गरेको छ

त्यस्तै, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलसम्बन्धी संवैधानिक एवं कानुनी व्यवस्थालाई समेत आधार बनाउँदै निवेदकहरूले राज्यका सुरक्षा निकायबाहेक अन्य कुनै गैरसरकारी संस्थाले सैनिक प्रकृतिको संरचना बनाएर सुरक्षा निकायजस्तो देखिने गरी सञ्चालन हुनु कानुन तथा संवैधानविपरीत रहेको जिकिर गरेका छन् ।

रिटमा तीनवटा सरकारी सुरक्षा निकायबाहेक अन्य संस्था वा समूहले सैनिक शैलीको पोसाक, दर्जा र दर्ज्यानी चिह्न प्रयोग गर्दा राज्यको संस्थागत पहिचान कमजोर हुने तथा नागरिकमा भ्रम पैदा हुने खतरा रहेको उल्लेख छ।

रिटमा 'ग्रिन आर्मी नेपाल'लाई सैनिक प्रकृतिको पोसाक प्रयोग गर्न विभिन्न सरकारी निकायबाट दिइएको भनिएको अनुमति तथा सहमतिमाथि समेत प्रश्न उठाइएको छ ।

निवेदकहरूको दाबीअनुसार गृह मन्त्रालय, रक्षा मन्त्रालय र जिल्ला प्रशासन कार्यालय काठमाडौँबाट उक्त संस्थालाई सैनिक प्रकृतिको पोसाक प्रयोग गर्न अनुमति वा सहमति दिइएको थियो ।

रक्षा मन्त्रालयले उक्त पोसाक नेपाली सेना तथा अन्य सुरक्षा निकायले प्रयोग गर्ने पोसाकसँग नमिल्ने भन्ने आधारमा सकारात्मक राय दिएको भए पनि व्यवहारमा उक्त संस्थाले प्रयोग गरेको पोसाक, सैनिक शैलीको संरचना, दर्जा तथा सञ्चालनले सर्वसाधारणमा सुरक्षा निकायसँग सम्बन्धित रहेको भ्रम सिर्जना गरेको रिटमा दाबी छ ।

निवेदकहरूले सरकारी निकायले दिएको यस्तो अनुमति संविधान तथा प्रचलित कानुनसँग बाझिएकोले अदालतबाट बदर हुनुपर्ने माग गरेका छन् ।

## परिणाममा आधारित...

जवाफदेही राज्यमा पुगेर पूर्ण हुन्छ । भ्रष्टाचार नियन्त्रण, सक्षम प्रशासन, निष्पक्ष न्यायपालिका, पारदर्शी राजनीति र उत्पादनमुखी अर्थतन्त्र यसका आधार हुन् । नेपालसँग जनशक्ति छ, प्राकृतिक स्रोत छ, भौगोलिक सम्भावना छ र विदेशमा सिप आर्जन गरेको ठुलो युवाशक्ति पनि छ । अभाव स्रोतको भन्दा बढी सुशासन, स्पष्ट नीति र प्रभावकारी कार्यान्वयनको देखिन्छ ।

अब नेपालले व्यक्तिकेन्द्रित शासनबाट संस्थाकेन्द्रित शासनतर्फ यात्रा गर्नु पर्छ । सार्वजनिक पदलाई अधिकार होइन, जिम्मेवारीका रूपमा बुझ्ने संस्कार विकास गर्नु पर्छ । जब राज्यका प्रत्येक निकाय नागरिकप्रति उत्तरदायी हुने छन्, कानुन शक्तिशाली र कमजोर सबैका लागि समान रूपमा लागु हुने छ र सार्वजनिक स्रोत जनहितमा प्रयोग हुने छ । त्यही दिन नेपालमा सुशासनको वास्तविक आधार निर्माण हुने छ ।**साभार: गोरखापत्र**

## बारागढीस्थित जनता...

बारागढी गाउँपालिकाका अध्यक्ष अशोककुमार जयसवालको प्रमुख आतिथ्यतामा सम्पन्न भेलामा गाउँपालिकाको शिक्षा तथा खेलकुद शाखा प्रमुख जलमती चौधरी, पूर्व विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सिकिन्द्र साह कलवार, वडा सदस्य भगवान चौधरी, श्री जनता आधारभूत विद्यालय बस्तपुर पिपराका प्रधानाध्यापक रामनाथ दासलगायतको उपस्थिति थियो ।

भेलामा विद्यालयमा कार्यरत शिक्षक(शिक्षिका, अभिभावक, शिक्षाप्रेमी, बुद्धिजीवी, राजनीतिक दलका प्रतिनिधि, सञ्चारकर्मी तथा विद्यार्थीको उत्साहजनक सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन विद्यालयका शिक्षक खड्कबहादुर मगरले गर्नुभएको थियो ।

## निजगढ विमानस्थल...

पूर्वाधारमा निजी क्षेत्रको लगानी कसरी आकर्षित गर्न सकिन्छ भन्नेबारे चासो राख्नुभएको थियो ।

छलफलमा सहभागी आईएमई ग्रुपका अध्यक्ष चन्द्र ढकालका अनुसार आज प्रधानमन्त्री र व्यवसायबीच निकै सकारात्मक हिसाबमा पौने दुई घण्टा छलफल भएको छ ।

प्रधानमन्त्रीले लगानी भित्र्याउने सन्दर्भमा राज्यले कसरी सहजीकरण गर्न सक्छ भन्नेबारे चासो राखेका थिए । अप्ठ्यारा कानुनहरू परिवर्तन गरेर भए पनि सरकारले सहजीकरण गर्ने आश्वासन प्रधानमन्त्रीले दिएको ढकालले जानकारी दिनुभयो ।

# सडकपेटीमा बच्चा जन्माएको घटना : ड्युटीमा रहेका अस्पतालका कर्मचारीलाई कामकाजबाट हटाइयो

जनकपुरधाम, २६ भदौ/सप्तरीको गजेन्द्रनारायण सिंह अस्पताल परिसरबाहिर बच्चा जन्माएको घटनाको छानबिन भइरहेको र दोषी देखिए कानूनअनुसार कारबाही गर्ने स्वास्थ्यमन्त्री निशा मेहताले प्रतिबद्धता जनाउनुभएको छ ।

प्रतिनिधिसभाको आजको बैठकमा सांसदहरूले शून्य र आकस्मिक समयमा उठाएका यो विषयबारे केन्द्रित प्रश्नको जवाफ दिँदै स्वास्थ्य मन्त्रीले घटनाको जानकारी प्राप्त भएलगत्तै अस्पतालसँग २४ घण्टे स्पष्टीकरण मागिएको र अस्पतालबाट स्पष्टीकरण प्राप्त भइसकेको तथा घटनाका बेला ड्युटीमा रहेका अस्पतालका कर्मचारीलाई कामकाजबाट हटाएर उनीहरूमाथि पनि छानबिन भइरहेको जानकारी दिनुभयो ।

अस्ति भदौ २४ गते बिहान ३० वर्षीया बबिताकुमारी पासवानले अस्पतालको मूल गेटबाहिर शिशुलाई जन्म दिनुएको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएको थियो ।

यो घटनापछि आमा र नवजात शिशुलाई खोजेर अस्पताल ल्याई उपचार गर्न निर्देशन दिएको र अहिले अस्पतालको बेड नम्बर २२ मा भर्ना गरी उपचार तथा स्याहार भइरहेको मन्त्री मेहताले जानकारी दिनुभयो ।

# चितवनमा कारमा आगलागी हुँदा चालकको ज्यान गयो

काठमाण्डौ २६ भदौ/ चितवनको भरतपुर महानगरपालिका( ९ को पूर्व( पश्चिम राजमार्गमा कारमा आगलागी हुँदा चालकको ज्यान गएको छ ।

आज बिहान बा.प्र.०१(०३० च ५५७९ नम्बरको कारमा अचानक आगलागी भएको जिल्ला प्रहरी कार्यालय चितवनले जनाएको छ । आगलागीमा परी कारभित्र रहेका चालकको घटनास्थलमै ज्यान गएको हो ।

जिल्ला प्रहरी कार्यालय चितवनका अनुसार आगलागीबाट चालकको शरीर पूर्ण रूपमा जलेका कारण तत्काल पहिचान खुल्न सकेको छैन । आगलागीपछि दमकलको सहयोगमा आगो नियन्त्रणमा लिइएको छ ।

आगलागीबाट कार पूर्ण रूपमा जलेर क्षति भएको प्रहरीले जनाएको छ। आगलागीको कारण भने अहिलेसम्म खुल्न सकेको छैन । घटनाबारे प्रहरीले अनुसन्धान शुरु गरेको छ ।







# जनकपुरधाममा विद्यालय शिक्षाको पाठ्यक्रम परिमार्जनका सरोकारवालासँग छलफल

जनकपुरधाम, २६ भदौ/शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ परिमार्जनका लागि मधेस प्रदेश सरकार तथा सरोकारवालासँग छलफल गर्नुभएको छ।

जनकपुरधाममा मन्त्री पोखरेलले मधेस प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री मनोजकुमार सिंह, प्रदेश नीति तथा योजना आयोगलगायत सरोकारवालासँग आज छलफल गरी सुझाव तथा पृष्ठपोषण सङ्कलन गर्नुभएको हो। सो अवसरमा मन्त्री पोखरेलले विद्यार्थीलाई केन्द्रमा राखेर राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन गरिने बताउनुभयो।

उहाँले 'बुक फ्रि फ्राइडे', 'स्किल इन एजुकेसन'जस्ता अवधारणा आगामी शैक्षिकसत्रदेखि कार्यान्वयन गरिने जानकारी दिनुभयो। मन्त्री पोखरेलले राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जनमा तीनै तहका सरकारसँगै साझेदार संस्था, शिक्षक, अभिभावक, उद्यमी, नवप्रवर्तनलगायत सङ्घसंस्थाको सहकार्य र समन्वयलाई बलियो बनाउनुपर्नेमा जोड दिनुभयो।



उहाँले जनकपुरधामसहित धनुषा, महोत्तरी, सिरहा र सप्तरी जिल्लाका सरोकारवालासँग छलफल गर्ने कार्यक्रम रहेको बताउनुभयो। उहाँका अनुसार राष्ट्रिय पाठ्यक्रम प्रारूप नयाँ शैक्षिक सत्रदेखि परिवर्तन हुनेछ। पाठ्य पुस्तक भने त्यसपछिको शैक्षिक सत्रदेखि लागू गरिने छ। मधेस प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री सिंहले तीनै तहका सरकारको समन्वय र सहकार्यमा राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन गरिनुपर्ने बताउनुभयो।

शिक्षा तथा खेलकुदमन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झाले राष्ट्रिय पाठ्यक्रम प्रारूपलाई कार्यान्वयनमुखी बनाउन शिक्षामन्त्रीको दृष्टिकोण अनुसार ठूलो सङ्ख्यामा समुदायमा पुगेर सरोकारवालाको सुझाव सङ्कलन भइरहेको बताउनुभयो। सरोकारवालाको पृष्ठपोषण सङ्कलन कार्यक्रममा संस्कृत तथा नैतिक शिक्षा, कृत्रिम बौद्धिकता (एआई), प्राविधिक तथा व्यावसायिक शिक्षा र व्यावहारिक सीपलाई पाठ्यक्रममा प्राथमिकता दिनुपर्ने सुझाव प्राप्त भएको छ।

सहभागीले वर्तमान पाठ्यक्रममा अत्यधिक विषय वस्तु समेटिएको र घोकन्ते प्रकृतिको रहेको जनाउँदै सरल, व्यावहारिक, गतिविधिमूलक तथा स्थानीय परिवेशमा आधारित बनाउनुपर्ने सुझाव दिनुभयो। प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्रभावकारी बनाउन सिटीइभीटी र कक्षा ९ देखि १२ सम्म सञ्चालित प्राविधिक धारबिच स्पष्ट समन्वय र समायोजन आवश्यक रहेको सहभागीको भनाइ थियो।

शिक्षा रोजगारमूलक, सीपमूलक तथा बजारमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्ने खालको हुनुपर्ने उहाँहरुको सुझाव छ। निजी तथा सामुदायिक विद्यालयबिच रहेको शैक्षिक अन्तर न्यूनीकरण, 'बुक फ्रि फ्राइडे' जस्ता गतिविधिमूलक कार्यक्रम सञ्चालन तथा पाठ्यक्रम र पाठ्यपुस्तकबारे शिक्षक र सरोकारवालालाई प्रभावकारी अभिमुखीकरण गर्नुपर्ने सुझाव प्राप्त भएको छ।

शिक्षा तथा खेलकुद मन्त्रालयको मन्त्रीस्तरीय निर्णयअनुसार पाठ्यक्रमलाई समयसापेक्ष, व्यावहारिक, जीवनोपयोगी तथा प्रभावकारी बनाउने उद्देश्यले राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन कार्यदलले देशभरबाट सुझाव तथा पृष्ठपोषण सङ्कलन गरिरहेको छ। सातै प्रदेशका २८ जिल्लाबाट सरोकारवालाको सुझाव तथा पृष्ठपोषण सङ्कलनको कार्य भइरहेको छ।

# कलैया-वीरगञ्ज सडकखण्डमा सुमोको ठक्करबाट एक युवकको मृत्यु



कलैया, २६ भदौ/कलैया(वीरगञ्ज सडकखण्डमा बिहीबार राति सुमोको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ। मृत्यु हुनेमा प्रसौनी गाउँपालिका( ५ प्रस्टोकाका १९ वर्षीय अलोककुमार साह रहेका छन्।

कलैया उपमहानगरपालिका( २३ स्थित गार्डेन भ्यु रिसोर्टअगाडि वीरगञ्जबाट कलैयातर्फ जाँदै गरेको ना १ ज ६४०३ नम्बरको सुमोले हिड्दै गरेका साहलाई ठक्कर दिएको थियो।

ठक्करबाट गम्भीर घाइते भएका साहको उपचारका क्रममा एलएस न्यूरो अस्पतालमा मृत्यु भएको हो। घटनालगत्तै प्रादेशिक अस्पताल कलैया लगिएका साहलाई थप उपचारका लागि एलएस न्यूरो अस्पताल पुऱ्याइएको थियो।

बाराका प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक मिनबहादुर घलेले सुमो र चालकलाई नियन्त्रणमा लिएको जानकारी दिनुभएको छ।

# कुशको शव बनाएर अन्त्येष्टि



सर्लाही, २६ भदौ/भोटेकोशी नदीको बिनाशकारी बाढीमा परेर बेपत्ता भएका सर्लाहीको लालबन्दीका तीन जनाको शुक्रबार कुशको शव बनाइ अन्त्येष्टि गरिएको छ।

रसुवा जिल्लास्थित तीर्थस्थल गोसाइकुण्ड जानेक्रममा आफूहरु सवार गाडीसहित सम्पर्कविहीन भएका लालबन्दी नगरपालिका( ५ मेजरगन्जका ५२ वर्षीय चिरन्जीवी खतिवडा, ५० वर्षीय द्वारिकाप्रसाद दङ्गाल र ४९ वर्षीय कृष्णप्रसाद धमलाको कुशको शव बनाइ अन्त्येष्टि गरिएको हो।

खतिवडाको लालबन्दी( ५ मा रहेको झिरझिरे दह तथा दङ्गाल र धमलाको सर्लाही र रौतहटको सीमा भएर बग्ने बागमदी नदीमा अन्त्येष्टि गरिएको हो। उहाँहरुसँगै बेपत्ता गाडीधनी लालबन्दी नगरपालिका (९, बस्तीपुर घर भइ काठमाडौं बस्ने ५२ वर्षीय माधव काफ्ले र उहाँका छोरा २२ वर्षीय अनुज काफ्लेको भने काठमाडौँमै अन्त्येष्टि गरिने पारिवारिक स्रोतले जनाएको छ।

गोसाइकुण्डमा जनैपूर्णिमा दिन लाग्ने मेला भर्न र दर्शन गर्न भनी गएका पाँचजना भदौ १० गते बिहान ९ बजेपछि सम्पर्कविहीन हुनुहुन्छ। पन्ध्र दिनसम्म कुर्दा पनि सम्पर्कविहीनहरुको अवस्था थाहा हुन नसकेपछि परिवारले कुशको शव बनाएर अन्त्येष्टि गरेका हुन्।

सम्पर्कविहीन रहेका चिरन्जिवी खतिवडाका बुवा कृष्णप्रसाद खतिवडाले छोरा जीवितै फर्किएर आउने आश नरहेकाले अन्त्येष्टि गरिएको बताउनुभयो। भदौ १० गते बिहानसम्म टेलिफोनमा सम्पर्क भएकाहरुको परिवारका सदस्य बाढीपछि एकाएक सम्पर्कविहीन भएकाहरु पन्ध्र दिनसम्म पनि जीवितै फर्कने आसमा बसेका थिए।

दुई साता बित्दासमेत अवस्था थाहा हुन नसकेपछि सास र लाश दुवैको आस मार्दै परिवारले कुशको शव बनाएर अन्त्येष्टि गरेका हुन्। दाहसंस्कारमा सहभागी मधेश प्रदेशसभा सदस्य बेची लुङ्गेलीले एकै ठाउँको पाँच जना बाढीमा परेर बेपत्ता हुँदा लालबन्दीवासीमा गहिरो चोट परेको बताउनुभयो।

# महोत्तरीमा एक युवकको हत्या



जनकपुरधाम, २६ भदौ/ महोत्तरीमा एक युवकको हत्या भएको छ। बलवा नगरपालिका ७ बनौटा बस्ने अशोक ठाकुरको शौचालयको सेफ्टी ट्यांकीमा युवकको शव फेला परेको हो।

मृतक महोत्तरीकै भंगहा नगरपालिका( ६ बिर्जौनी टोलका २५ वर्षीय विवेक सरदार रहेको प्रहरी स्रोतले बताएको छ।

उनको शवलाई टुक्राटुक्रा गरी सेफ्टी टयांकीमा राखिएको अवस्थामा फेला परेको हो। सेफ्टी ट्यांकीमा राखेर माथिबाट सिमेन्ट बालुवा राखेर पलास्टर गरिएको पाइएको छ।

विवेक रक्षाबन्धनको दिनदेखि बेपत्ता भएका थिए। प्रहरी घटनास्थलमा पुगेर अनुसन्धान गरिरहेको छ। घरधनी अशोक ठाकुर र उनका छोरा दिपेन्द्र ठाकुरलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

विवेक रक्षाबन्धनको दिनदेखि हराएपछि परिवारजनले खोजी गरिरहेका थिए। यसको जानकारी प्रहरीलाई पनि गराइएको थियो। उनको अन्तिम मोबाइल लोकेसन घटनास्थल नजिकै देखिएको थियो। विवेकको अन्तिम फोन कल दिपेन्द्रकी श्रीमतीको नम्बरमा देखिएको अनुसन्धानमा संलग्न अधिकारीहरूको भनाइ छ।

यसपछि शंकाको आधारमा बिहीबार अशोक र छोरा दिपेन्द्रलाई नियन्त्रणमा लिएर अनुसन्धान थालेपछि विवेकको हत्याको रहस्य खुलेको हो। उनीहरूले शव सेफ्टी ट्यांकीमा लुकाएको प्रहरीलाई बयान दिएपछि प्रहरी घटनास्थलमा पुगेको थियो।

दिपेन्द्रको ससुराली विवेकको छिमेकी गाउँ भंगहा नगरपालिका( ७ संग्रामपुर पर्छ। उनको दिपेन्द्रकी श्रीमतीसँग चिनजान थियो।

दिपेन्द्र वैदेशिक रोजगारमा थिए। केहीदिन अघि मात्र उनी घर आएको प्रहरीले जनाएको छ। विवेक र दिपेन्द्रकी श्रीमतीबीच हिमचिमका कारण फोन गर्न लगाएर विवेकलाई घरमै बोलाइ हत्या गरेको हुनसक्ने अनुमान प्रहरीको छ।

# पर्सा प्रहरीद्वारा गाँजा र ब्राउन सुगरसहित दुईजना पक्राउ

वीरगञ्ज, २६ भदौ/प्रहरीले पर्साका विभिन्न स्थानबाट गाँजा र ब्राउन सुगरसहित दुई जनालाई पक्राउ गरेको छ।

पटेर्वासुगौली गाउँपालिका( ४ भथौरास्थित ७० वर्षीय दुखी महतोलाई निजको घरबाट १८ किलो ४०० ग्राम गाँजसहित पक्राउ गरिएको छ भने वीरगञ्ज महानगरपालिका( २१ परवानीपुरबाट एक भारतीय नागरिक पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालयका अनुसार नियमित गस्तीमा रहेको प्रहरी टोलीले उनीहरूलाई बिहीबार पक्राउ गरेको हो। अभियुक्तद्वयलाई प्रहरी हिरासतमा राखिएको छ।


## मोटरसाईकल हराएको सूचना

मिति २०८३ साल असार २४ गते अपरान्ह करिव ३:०० बजे पर्सा जिल्ला वीरगञ्ज महानगरपालिका वडा नं. ११ रानीघाट चोकबाट अभिषेक चौधरीको नाममा रहेको म प्र ०३-०३९-प ७१७४ नम्बरको KTM Duke BS6 बाइक घर बाहिर राखिएको अवस्थामा हराएको हुँदा फेला पार्नुहुनेले सवारी धनी अभिषेक चौधरीको मोबाइल नम्बर मा ९८६५२२११४४ सम्पर्क गरि वा नजिकको प्रहरी कार्यालयमा सम्पर्क गरि जानकारी दिनुहुन हार्दिक अनुरोध छ।

च्यासिस नम्बर : MD2JPCXF2SN000349
ईन्जिन नम्बर : S- 936*24966*



## काठ दाउरा, बिक्री वितरणसम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३ भाद्र २६ गते

यस श्री कैलाशपति सामुदायिक वन उपभोक्ता समूह निजगढ १३ रतनपुरीबाट उत्पादन भई र समूहको घाटगद्दी स्थानमा राखिएको साल जातको थान(९९ को ७५०.१२ क्विफिट, असना थान(११ को ९८.२९ क्विफिट र बाँझी थान(१३ को १९३.०५ क्विफिट गोलिया काठ तथा साल जातको दाउरा १.५ चट्टा र असना जातको दाउरा .५ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले इच्छुक फर्म वा व्यक्तिले यो सूचना प्रकाशित मितिले २१ दिनभित्र वन समूहको कार्यालय रतनपुरी र डिभिजन वन कार्यालय बारा सिमरामा कार्यालय समयभित्र सम्पर्क गरी बोलपत्र खरिद गरी नियमानुसार दाखिला गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

थप जानकारीको लागि सम्पर्क नम्बर : ८९४०१५९७३९


प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.ली., बिरगंज पर्सा, प्रबन्ध संचालक एवं भाषा -सम्पादक :- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक :- गोकुल घोरसाइने, , सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय :- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:– kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक :- के. एस. मल्टिप्रपोज प्रा .ली. बिरगंज ,पर्सा ०५१-५९१८७३